प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
धनगढी, कैलाली, नेपाल

# दरखास्त आह्वानको सूचना

(सूचना प्रकाशित मिति: २०७७/०८/२६)

यस मन्त्रालय तथा मातहतका कार्यालयहरुका लागि विभिन्न प्राविधिक पदहरुमा सेवा करारमा काम गर्न चाहने योग्यता पुगेका नेपाली नागरीकहरूले विज्ञापन प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन भित्र तोकिए अनुसारको दरखास्त दस्तुर सहित मन्त्रालयमा फाराम पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम र ईन्जिनियरिङ सेवाका प्राविधिक कर्मचारी करारमा भर्ना गर्ने सम्बन्धी कार्यविधि, २०७७" यस मन्त्रालयको वेबसाईट www.mopid.p7.gov.np बाट डाउनलोड गर्न सकिन्छ ।

| विज्ञापन नं. | पद/समूह | माग संख्या | काम गर्नुपर्ने स्थान/कार्यालय |
|---|---|---|---|
| १/२०७७/२०७८ | ईन्जिनियर/सिभिल (सातौं) | १० | मन्त्रालय वा विभिन्न जिल्लामा रहेका मातहत कार्यालय |
| २/२०७७/२०७८ | ईन्जिनियर/बिल्डिङ एण्ड आर्किटेक्ट (सातौं) | ४ | |
| ३/२०७७/२०७८ | सब-ईन्जिनयर/सिभिल (पांचौं) | १३ | |
| ४/२०७७/२०७८ | सब-ईन्जिनयर/बिल्डिङ एण्ड आर्किटेक्ट (पांचौं) | ७ | |
| ५/२०७७/२०७८ | मेकानिकल सुपरभाइजर/सिनियर मेकानिक्स (पांचौं) | २ | |
| ६/२०७७/२०७८ | ल्याब टेक्निसियन (पांचौं) | २ | |
| ७/२०७७/२०७८ | खानेपानी तथा सरसफाई टेक्निसियन (खा.पा.स.टे.)पांचौं) | ५ | |

**परिक्षाको किसिम:** लिखित र अन्तर्वार्ता । (लिखित परिक्षाको हकमा तोकिएको पाठक्रमबाट ५० वटा बहुबैकल्पिक बस्तुगत प्रश्नहरु मात्र सोधिनेछ) ।

**दरखास्त दस्तुर:** नेपाल ईन्जिनियरिङ सेवाका सातौं तहका लागि एक हजार रुपैया तथा पाँचौं तहका लागि चार सय रुपैंया दस्तुर लाग्ने छ । उक्त दस्तुर राष्ट्रिय बाणिज्य बैंक लिमिटेडको खाता नं.: १०००१००२०००१००००, कार्यालय कोड- ३३७००७७०१७ र राजश्व शीर्षक नं १४२२४ मा जम्मा गर्न सकिनेछ ।

**दरखास्त दिने अन्तिम मिति** : २०७७/०९/१६

**आवश्यक कागजातहरु:** शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणितप्रतिलिपीहरु १/१ थान, नागरिकताको प्रमाणपत्रको प्रमाणितप्रतिलिपीहरु १ थान, दरखास्त दस्तुर बुझाएको सक्कल रसिद र सातौं तहको पदका लागि नेपाल ईन्जिनियरिङ परिषद दर्ता भएको प्रमाणपत्र ।

**उम्मेदबारको उमेरको हद:** सातौं तहको हकमा २१ वर्ष पुरा भई दरखास्त दिने अन्तिम म्याद सम्म ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको र सहायकस्तरको हकमा १८ वर्ष पुरा भई दरखास्त दिने अन्तिम म्याद सम्म ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको ।

**पदमा रही गर्नुपर्ने कामको विवरण:** ईन्जिनियरिङ सेवाका प्राविधिक कर्मचारी करारमा भर्ना गर्ने सम्बन्धी कार्यविधि, २०७७ मा तोकिएबमोजिम ।

**तलब:** सातौं तह मासिक रू.३७,८७०/- र पाँचौं तह मासिक रू. २८,२००/- ।

**लिखित परिक्षाको मिति समय र स्थान:** सातौं तह: २०७७।०९।२५ गते बिहान ११:०० बजे र पाँचौं तह: २०७७।०९।२५ दिनको ३:०० बजे । परिक्षा केन्द्र मन्त्रालयको वेबसाइटमा राखिनेछ ।

**नोट:** पाचौं तहको सब-ईन्जिनयर/सिभिल, ल्याब टेक्निसियन र खानेपानी तथा सरसफाई टेक्निसियन पदको लागि तीन वटै पदमा दरखास्त दिन इच्छुक उम्मेदवारले छुट्टाछुट्टै दरखास्त बुझाउनुपर्नेछ र एउटै लिखित परीक्षाबाट नतिजा प्रकाशन गरिनेछ ।

**लिखित परीक्षा, अन्तर्वार्ता र अन्तिम नतिजाको सूचना:** यस मन्त्रालयको वेबसाइट www.mopid.p7.gov.npमा प्रकाशन गरिनेछ ।

**पाठ्यक्रम:**

**ईञ्जिनियर/सिभिल (सातौं):** लोक सेवा आयोगले निर्धारण गरेको "नेपाल ईन्जिनियरिङ सेवा, सिभिल समूह अन्तरगतका जनरल हाइवे, इरिगेशन, स्यानिटरी र एयरपोर्ट उपसमूहहरूको राजपत्राङ्कित तृतीय श्रेणीका पदहरूको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रमको प्रथम पत्रको दोश्रो खण्ड (Part II) र द्वितीय पत्रपुरै ।

**ईञ्जिनियर/बिल्डिङ एण्ड आर्किटेक्ट (सातौं):** लोक सेवा आयोगले निर्धारण गरेको "नेपाल ईञ्जिनियरिङ सेवा, सिभिल समूह, बिल्डिङ एण्ड आर्किटेक्ट, राजपत्राङ्कित तृतीय श्रेणीका पदहरूको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रमको प्रथम पत्रको दोश्रो खण्ड (Part II) र द्वितीय पत्रपुरै ।

**सब-ईञ्जिनियर/सिभिल (पाचौं):** लोक सेवा आयोगले निर्धारण गरेको "नेपाल ईन्जिनियरिङ सेवा, सिभिल समूह अन्तरगतका जनरल हाइवे, इरिगेशन, स्यानिटरी र एयरपोर्ट उपसमूहहरूको राजपत्र अनंकित प्रथम श्रेणीका पदहरूको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम ।

**सब-ईञ्जिनियर/बिल्डिङ एण्ड आर्किटेक्ट (पाचौं):** लोक सेवा आयोगले निर्धारण गरेको "नेपाल ईञ्जिनियरिङ सेवा, सिभिल समूह, बिल्डिङ एण्ड आर्किटेक्ट, राजपत्र अनंकित प्रथम श्रेणीका पदहरूको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम ।

**मेकानिकल सुपरभाइजर/सिनियर मेकानिक्स (पाँचौं):** लोक सेवा आयोगले निर्धारण गरेको "नेपाल ईञ्जिनियरिङ सेवा, मेकानिकल समूह, जनरल मेकानिकल उपसमूह, राजपत्र अनंकित प्रथम श्रेणीका पदहरूको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम ।

**ल्याब टेक्निसियन (पाचौं):** लोक सेवा आयोगले निर्धारण गरेको "नेपाल ईन्जिनियरिङ सेवा, सिभिल समूह अन्तरगतका जनरल, हाइवे, इरिगेशन, स्यानिटरी र एयरपोर्टराजपत्र अनंकित प्रथम श्रेणीका पदहरूको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम ।

**खानेपानी तथा सरसफाई टेक्निसियन (खा.पा.स.टे.) (पाचौं):** लोक सेवा आयोगले निर्धारण गरेको "नेपाल ईन्जिनियरिङ सेवा, सिभिल समूह अन्तरगतका जनरल, हाइवे, इरिगेशन, स्यानिटरी र एयरपोर्ट उपसमूहहरूको राजपत्र अनंकित प्रथम श्रेणीका पदहरूको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम ।

**आवश्यक न्यूनतम शैक्षिक योग्यता:**

**ईञ्जिनियर/सिभिल (सातौं):** मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल ईन्जिनियरिङ विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी नेपाल ईन्जिनियरिङ परिषदमा दर्ता भएको ।

**ईञ्जिनियर/बिल्डिङ एण्ड आर्किटेक्ट (सातौं):** मान्यता प्राप्त शैक्षिक संस्थाबाट बिल्डिङ एण्ड आर्किटेक्ट विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी नेपाल ईन्जिनियरिङ परिषदमा दर्ता भएको ।

**सब-ईञ्जिनियर/सिभिल (पाचौं):** मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल ईन्जिनियरिङ विषयमा प्रवीणता प्रमाण पत्र (डिप्लोमा) वा सो सरह उत्तीर्ण गरेको ।

**सब-ईञ्जिनियर/बिल्डिङ एण्ड आर्किटेक्ट (पाचौं):** मान्यता प्राप्त शैक्षिक संस्थाबाट बिल्डिङ एण्ड आर्किटेक्ट विषयमा प्रवीणता प्रमाण पत्र (डिप्लोमा) वा सो सरह उत्तीर्ण गरेको ।

**मेकानिकल सुपरभाइजर/सिनियर मेकानिक्स (पाँचौं):** मान्यता प्राप्त शैक्षिक संस्थाबाट मेकानिकल ईन्जिनियरिङ विषयमा प्रवीणता प्रमाण पत्र (डिप्लोमा) वा सो सरह उत्तीर्ण गरेको ।

**ल्याब टेक्निसियन (पाचौं):** मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल ईन्जिनियरिङ विषयमा प्रवीणता प्रमाण पत्र (डिप्लोमा) वा सो सरह उत्तीर्ण गरेको ।

**खानेपानी तथा सरसफाई टेक्निसियन (खा.पा.स.टे.) (पाचौं):** मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल ईन्जिनियरिङ विषयमा प्रवीणता प्रमाण पत्र (डिप्लोमा) वा सो सरह उत्तीर्ण गरेको ।